आज मिति २०८०/१२/२८ गते वुधवार विहान ८ बजे सुनिलसम्मृति गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री मणिराम वुढाथोकी | संयोजक |
| श्री मिना थापा | सदस्य |
| श्री गोविन्द भट्टराई | सदस्य |
| श्री तुल्सि सुनार | सदस्य |
| श्री पदम प्रसाद रिजाल | सदस्य सचिव |

<u>सहयोगि कर्मचारी</u>

| | |
|---|---|
| श्री धर्मराज भण्डारी | सहायक पाचौं |
| श्री भुपेन्द्र खड्का | आलेप |
| श्री दुर्योधन महरा | उपशाखा प्रमुख, पर्यटन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा |

<u>प्रस्ताव तथा निर्णयहरु :-</u>

आज वसेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको वैठकबाट तपसिल वमोजिमको निर्णय गरियो ।

<u>तपसिल</u>

१) सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँ निवासी हरि गिरीको मिति २०८०/१२/१७ गतेको हावाहुरीले घरको छानो उडाई क्षति पुर्याएको र वडा नं. ६ निवासी कमल थापाको मिति २०८०/१२/०६ गते गोठमा आगोलागि भई गोठ तथा पशु चौपाएको नोक्सानी भएको भनि प्रहरी मुचुल्का, वडाको सिफारिस सहित निवेदन प्राप्त भएको हुदाँ विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (ख) बमोजिम तत्काल मर्मत संभारका लागि रु दश/दश हजारका दरले राहत रकम उपलब्ध गराउने गराउने ।

२) चालु आ.व.मा स्वीकृत वार्षिक कार्यक्रम **"विपद व्यवस्थापन कोष"** खर्च शिर्षकमा छुट्टाइएको रकमलाई विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ५ को उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्ने तथा कोष सञ्चालनका लागि सोही कार्यविधिको दफा ५ को उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी ग्लोवल आई.एम.ई. वैंक सुलिचौर शाखामा खाता खोल्ने ।